मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २२ गते मंगलवार (Tuesday, 4 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## दलित आवास निर्माण गर्ने नाममा ठगी गर्ने पक्राउ

**रौतहट, जेठ २१।** रौतहटमा दलित तथा गरिबलाई आवास बनाउने नाममा लाखौं ठगी गर्ने ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। स्थानीय माधवनारायण नगरपालिका-८ रजावाडा गाउँका सर्वसाधारणलाई ठगी गर्ने ६ जनालाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा माधवनारायण-७ लौकाहाका ५२ वर्षीय रामनाथ माझी, ३२का प्रकाश माझी, गरुडा-६ का ४० वर्षीय राकेश महरा, ९का २५ वर्षीय सिकिन्दर ठाकुर, ४५ वर्षीय रामकली देवी र वडा नम्बर ५का

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोशी सरकारको नीति तथा कार्यक्रम सार्वजनिक



**मोरङ, जेठ २१।** कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२का लागि नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेको छ।

प्रदेश प्रमुख पर्शुराम खापुङले सोमवार प्रदेशसभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। कोशी प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा पहाडी सुक्खाग्रस्त क्षेत्रमा बर्षाको पानी पुनर्भरण रिचार्ज पोखरीहरू निर्माण गरी नजिक रहेको पानीको मुहानलाई संरक्षण गरिने उल्लेख छ।

पानी समेतलाई पुनर्भरण पोखरीमा प्रवाह गरी दिगो सिञ्चाइ सेवा पुऱ्याइ कृषि उत्पादन तथा उत्पादकत्वमा टेवा पुऱ्याइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। कोशी प्रदेश सरकारको आगामी आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा पहाडी क्षेत्रमा सिञ्चाइ सेवा नपुगेका सम्भाव्य टार/बेंशीहरूमा लिफ्ट सिञ्चाइ प्रविधिमार्फत सिञ्चाइ सुविधा उपलब्ध गराइने उल्लेख छ। पहाडी क्षेत्रमा पानीका मुहानहरू संरक्षण तथा उपयोग गरी नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा तथा स्प्रिङ्कलर) सिञ्चाइ योजनाहरू कार्यान्वयन गरिनेछ।

तराई, मधेशका सम्भावित क्षेत्रहरूमा सतह सिञ्चाइ र भूमिगत सिंचाइको संयोजनात्मक उपयोग गरी वर्षैभरी दिगो र भरपर्दो सिञ्चाइ सुविधा उपलब्ध गराइने नीति तथा कार्यक्रममा उल्लेख छ। सतह सिञ्चाइ सेवा उपलब्ध नभएका तराई/मधेश क्षेत्रमा क्लष्टरको रुपमा भूमिगत सिञ्चाइ प्रणालीको विकास र विस्तार गरिने कार्यक्रममा उल्लेख छ।

साना किसान लक्षित 'सुक्खा राहत स्यालोट्यूबवेल सिञ्चाइ विशेष कार्यक्रम' मोरङ, सुनसरी, उदयपुर, झापा र इलाम जिल्लामा नमूना योजनाको रुपमा सञ्चालन गरिने भएको छ। सिञ्चाइ सुविधा नपुगेको खेतीयोग्य जमिनमा सिञ्चित क्षेत्र बिस्तार गर्न सतह र भूमिगत जलश्रोतको विकास र विस्तारका लागि विद्युतीकरणको कार्यलाई प्राथमिकता दिइने उल्लेख छ। कोशी प्रदेश सरकारले प्रत्येक जिल्लामा कम्तीमा एउटा रुपान्तरणकारी परियोजनाको निर्माण गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने भएको छ। यसका लागि सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गर्ने प्रदेश सरकारले नीति लिएको छ।

प्रदेश सरकारले यसका लागि आगामी आर्थिक वर्षमा लगानी सम्मेलन आयोजना गर्ने प्रदेशसभामा

*(बाँकी अन्तिम पृष्ठमा)*

# पाथीभरा सामुदायिक वनका अध्यक्षसहित आठजना पक्राउ

**झापा, जेठ २१।** दक्षिणी झापाको कचनकवल गाउँपालिका-७स्थित पाथीभरा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसहित आठ जना पक्राउ परेका छन्।

सामुदायिक वनबाट काठ चोरी गरी बिक्री गरेको आरोपमा अध्यक्षसहित आठ जना पक्राउ परेको डिभिजन वन कार्यालय झापाले जनाएको छ।

पक्राउ पर्नेमा सामुदायिक वनका अध्यक्ष देवीप्रसाद लोहार, कटान समिति संयोजक भूपाल राई, सुरेन्द्र थेवे, बिक्री समिति संयोजक राममोहन राजवंशी, सदस्य शकुन्तला पोखरेल, वनका कोषाध्यक्ष हिरालाल दाहाल, सचिव टीका उप्रेती, सदस्य श्यामलाल राजवंशी रहेका छन्। उनीहरुमाथि अनुसन्धान भइरहेको बताइएको छ। चार सय सीएफटीभन्दा बढी काठ अनधिकृत रुपमा कटान गरी विक्री गरिएको र श्रमिक भुक्तानीमा समेत घोटला गरिएको हुन सक्ने बताइन्छ।



वनमा केही रुख काटिएका ठुटाहरूको आधारमा र सामुदायिक वनका काठ पनि हराएकोले आरोपीहरूमाथि २०८० चैत ४मा वन पैदावार काटी हानी नोक्सानी गरेको तथा कोष हिनामिना गरेको आरोपमा मुद्दा दर्ता भएको जिल्ला वन कार्यालय झापाले जनाएको छ। मुद्दा दर्तापछि २०८१ जेठ १३ गतेका दिन सात जना र जेठ १८ गतेका दिन एक जनालाई पक्राउ गरिएको थियो।

अहिले तीन वटा मात्र ठुटा भेटिएको र हिसाबमा पनि फरक देखिएपछि कति परिमाणको काठ बिक्री गरेको बारेमा अनुसन्धान प्रक्रियामै रहेको बताइन्छ।

## गैंडे सामुदायिक वनका अध्यक्ष र उपाध्यक्ष पक्राउ

**शिवसताक्षी, जेठ २१।** काठ तस्करीको आरोपमा झापामा एक सामुदायिक वनका अध्यक्ष र उपाध्यक्ष पक्राउ परेका छन्।

झापाको शिवसताक्षी-११ स्थित गैंडे सामुदायिक वनका अध्यक्ष अमृतबहादुर कार्की र उपाध्यक्ष नन्दप्रसाद राय पक्राउ परेका हुन्।

सबडिभिजन वन कार्यालय दमक र रतुवामाई वृक्षरोपण आयोजनाको संयुक्त टोलीले उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूले दुईवटा सालका ठूला रूख काटेको वन कार्यालयले जनाएको छ। गैंडे सामुदायिक वनको सीमानामा रहेको रतुवामाई वृक्षरोपणको वन क्षेत्रमा रूख काटेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको सबडिभिजन वन कार्यालय दमकले जनाएको छ। ३२१ क्यूफिट

*(बाँकी अन्तिम पृष्ठमा)*

## गोदावरीका मेयर महर्जनसहित १४ जनाविरुद्ध मुद्दा



**झापा, जेठ २१।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललितपुरको गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनसहित १४ जनाविरुद्ध भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको छ।

आयोगले लेले र नल्लूका ढुंगाखानीबाट रोडाढुंगा उत्खनन गर्दा भ्रष्टाचार गरेको अभियोगमा मेयर महर्जनसहित ४ कर्मचारी र ९ जना क्रसर सञ्चालकबिरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

उनीहरुमाथि एक अर्ब ४ करोड बिगो मागदाबीसहितको आरोपपत्र विशेष अदालतमा दर्ता भएको आयोगका सूचना अधिकारी उपसचिव देवीप्रसाद थपलियाले जानकारी दिए। उनका अनुसार अख्तियारले लेले र नल्लूका ढुंगाखानीमा अनियमितता भएको आरोपमा सामेबार पाँच वटा छुट्टाछुट्टै मुद्दा दायर गरेको हो।

टी-२० विश्वकप २०२४

## नेपालले आज नेदरल्याण्ड्सको सामना गर्दै

**काठमाडौं, जेठ २१।** अमेरिका-वेस्ट इन्डिजमा जारी टी-२० विश्वकपमा आज मंगलवार नेपाल र नेदरल्याण्ड भीड्दैछन्।



अमेरिकाको डल्लासमा नेपाली समय अनुसार बेलुका ९:४५ बजे खेल शुरु हुनेछ। समूह डीमा रहेको नेपालले पहिलो खेल नेदरल्याण्ड्ससँग खेल्न लागेको हो। समूह डीमा बंगलादेश, साउथ अफ्रिका, श्रीलंका रहेका छन्। नेपालले दोस्रो खेल जेठ ३० गते लाउण्डरहिलमा श्रीलंकासँग खेल्ने छ भने साउथ अफ्रिकासँग असार १ गते तेस्रो खेल खेल्नेछ। त्यस्तै अन्तिम खेल बंगलादेशसँग असार ३ गते खेल्नेछ।

त्यस्तै सह-आयोजक वेस्ट इन्डिजले आइसीसी टी-२० विश्वकप २०२४मा जित सहित आफ्नो यात्राको शुरुवात गरेको छ। समूह चरणको आफ्नो पहिलो खेलमा वेस्ट इण्डिजले पपुवा न्युगिनी (पिएनजी)माथि ५ विकेटको जित दर्ता गरेको हो।

त्यस्तै वेस्ट इण्डिज र अमेरिकामा शुरु भएको आइसीसी टि-२० विश्वकप २०२४मा सह-आयोजक अमेरिकाले शानदार शुरुवात गरेको छ। डल्लासस्थित ग्रान्ड प्रेरी क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा अमेरिकाले क्यानडा माथि ७ विकेटको शानदार जित दर्ता गरेको हो।

## विदेशबाट डलर पठाएको भन्दै ...

**काठमाडौँ, जेठ २१।** सामाजिक सञ्जाल फेसबुक र ह्वाट्सएपमार्फत कुरा गरेर विदेशबाट लाखौं डलर पठाएको छु भनेर ठग्ने युवकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा दाङको घोराही उपमहानगरपालिका-९ घर भएर मित्रनगर बस्ने वीरबल घर्तीमगर छन्।

२१ वर्षीय घर्तीमगरलाई काठमाडौँबाट पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रवीन्द्र रेग्मीले जानकारी दिए। तीन जना पीडितबाट उनले १६ लाख ६२ हजार रकम ठगेको प्रहरी अनुसन्धानको निष्कर्ष छ। उनलाई कानूनी कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकूमा पठाइएको एसपी रेग्मीले बताए।

काठमाडौँमा बस्ने एक जना युवकलाई विदेशी नागरिक क्याथरिन सिन्डेभेराले फेसबुकमा साथी बन्न अनुरोध गर्छन्। उनीहरूबीच मेसेन्जरमा कुरा गर्दा क्याथरिनले भन्छन्- 'म अमेरिकन आर्मी हुँ, सिरिया मिसनमा खटिएको छु।' सिरियाको मिसनमा आतङ्ककारीहरूले लुकाइ राखेको १ दशमलव ७ मिलियन डलर फेला पारेर ल्याएको र सो रकम अमेरिका लैजान नमिल्ने भन्दै क्याथरिनले सो रकम नेपाल पठाउने आश्वासन दिए। पीडितले अनुरोध स्वीकारेपछि क्याथरिनले भने- 'पछि म नेपालमा आएर विद्यालय र अस्पताल सञ्चालन गर्नुपर्छ तपाईंको नाममा सो डलर पठाइदिन्छु तपाईंले ३० प्रतिशत चलाउनु बाँकी रहेको रकम सुरक्षित साथ राख्नुहोला।'

त्यसपछि पीडित युवकलाई ह्वाट्स एप नम्बरबाट फोन आउँछ। फोन गर्नेले युएनको कूटनीतिक एजेन्टको परिचय दिएर त्रिभुवन विमानस्थलमा पार्सल आएको बताउँछन्। सो पार्सल पाउन भन्सार शुल्क बापत १ लाख ४६ हजार बीरवल घर्तीमगरको नामको बैंक खातामा पठाउन भन्छन्। पीडितले भन्सार शुल्क बापत रकम पठाए तर, सामान नपाएपछि उनी प्रहरीकहाँ गएका हुन्। टिकटक र इन्स्टाग्राममार्फत कुरा गरेर आरोपीले थप दुई जनाबाट पनि रकम ठगेको बताइएको छ।

## साउदी रियाल देखाएर श्रृंखलाबद्ध ठगी गर्ने पक्राउ

**काठमाडौं, जेठ २१।** सस्तो दरमा साउदी रियाल सटही गर्ने प्रलोभन देखाएर श्रृंखलाबद्ध ठगी गरेको आरोपमा तीन जना पक्राउ परेका छन्।

पक्राउ पर्नेहरुमा सिन्धुलीको दुधौली नगरपालिका-१२ जिनाखूका ३५ वर्षीय दीपक तामाङ, सोही ठाउँका ४९ वर्षीय टेकबहादुर घिसिङ र ३६ वर्षीय निरबहादुर तामाङ छन्। उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान



कार्यालयको टोलीले बौद्ध क्षेत्रबाट पक्राउ गरेको हो। प्रहरीले उनीहरुबाट १०० दरको साउदी रियाल २ थान, नेपाली

*(बाँकी अन्तिम पृष्ठमा)*

## जब महिला मानवअधिकार रक्षक नै विभेदमा परिन्...

**सोलुखुम्बू, जेठ २१।** महिला मानवअधिकार रक्षकहरुको जिल्ला सञ्जाल सोलुखुम्बूकी अध्यक्ष बिना विक जातीय विभेदको शिकार हुनुपरेको तीतो यथार्थ सुनाउँदै एक सार्वजनिक कार्यक्रममा नै भक्कानिइन्। राष्ट्रिय मानवअधिकार आयोग शाखा कार्यालय खोटाङले सदरमुकाम सल्लेरीमा केही दिनअघि आयोजना गरेको 'सोलुखुम्बूको मानवअधिकारको अवस्था' विषयक अन्तरक्रियामा अध्यक्ष विकले आफू समाजमा शिक्षित भनिएकाहरूबाटै विभेदमा परेको अनुभव सुनाउँदै भक्कानिइएकी थिइन्।

केही समय पहिले एउटा कार्यक्रममा जिल्लाको पञ्चन क्षेत्र पुग्दा आफूलाई दलित भएका कारण रातभर घर बाहिर राखिएको अनुभव सुनाउँदै उनले भनिन्- मानवअधिकारको क्षेत्रमा कार्यरत म आफैँ शिक्षित भनिएकाबाटै विभेदमा परे, त्यो दिन अरु सबैलाई घरभित्र बसाए पनि मलाई प्रवेश दिइएन। मलाई त्यो रात दलानमै बसेको पीडाले अहिले पनि पोलिरहेको छ।

नेचासल्यान घर भएकी उनले गाउँमा हुने हरेक विवाह, ब्रतबन्ध, पूजापाठमा टीका लगाउँदासमेत विभेद हुने गरेको सुनाइन्। समाज सभ्य र शिक्षित हुँदैछ भनिन्छ, त्यो शहरमा होला तर हामीकहाँ त अहिले पनि उस्तै अवस्था छ- विकले प्रश्न गरिन्, अझै कति भोग्नुपर्ने हो जातीय विभेद र अपमान ?

सोलुदूधकुण्ड नगर कार्यपालिका सदस्यसमेत रहेका दलित अधिकारकर्मी निरकुमार नेपाली संविधान र मुलुकमा छुवाछूत मुक्तिको कुरा गरिए पनि अझै व्यवहारमा लागू नभएको गुनासो गर्छन्। नेपाली भन्छन्- संविधान र कानूनले त धेरै कुरा बोलेको छ। जातीय विभेदलाई कानूनी तथा सामाजिक अपराध समेत भनिएको छ तर हामीले सहज रूपमा बाटोमा समेत हिँड्न पाउँदैनौं। घरमा मात्रै होइन, सार्वजनिक ठाउँमा पनि विभेद भोग्नुपरेको छ।

राष्ट्रिय मानव अधिकार आयोग खोटाङका प्रमुख उपसचिव गीता दाहाल सर्वोच्च शिखर सगरमाथा भएको जिल्लाका शिक्षित ठाउँमै जातीय विभेद हुनु लज्जास्पद भएको बताउँछिन्। सोलुखुम्बू सर्वोच्च शिखर सगरमाथा भएको जिल्ला हो, यहाँ विश्वका विकशित भनिएका देशहरूबाट समेत सयौं मान्छे आउँछन्, त्यसैले पुरातनवादी सोच र सामाजिक विकृतिहरू कायमै हुनु दुःखद् कुरा हो। यसलाई परिवर्तन गर्न जरूरी छ- उनले भनिन्।

जातीय, लैङ्गिक र अन्य गलत सामाजिक प्रथा परम्पराका कारण जिल्लामा समग्र मानवअधिकारको अवस्थामाथि नै प्रश्न खडा भएको दाहालको भनाइ छ। छुवाछूतजस्ता सामाजिक तथा कानूनी अपराधका कारण मानवअधिकार संरक्षणमा चुनौति छ। कुनै एक व्यक्ति वा निकायले नभई सबै तहतप्काबाट विभेदबिरूद्ध सामाजिक जागरणका लागि योगदान गर्न जरूरी छ। यस्ता कार्यमा मानवअधिकार आयोग सहकार्य गर्न तयार छ- उनले अगाडि भनिन्- अहिलेको अवस्थामा कुनै पनि प्रकार सामाजिक विभेद कानूनले बर्जित गरेका छन्। त्यसको परिपालना नभए कानूनी कारबाहीको दायरा उभ्याउन पनि सबै जागरूक बन्नुपर्छ।

नेपालमा कानूनतः छुवाछूतको अन्त्य भएको करिब छ दशक भइसकेको छ। छुवाछूतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ प्रचलनमा आएको पनि १३ वर्ष भइसकेको छ। २०६३को अन्तरिम संविधानको धारा १४ले गरेको जातीय विभेदविरुद्धको मौलिक हकलाई नेपालको संविधान, २०७२ले अझै परिष्कृत रूपमा परिभाषित गरेको छ। संयुक्त दलित एकता समाजका अध्यक्ष कान्छाबहादुर विश्वकर्मा कानूनले अपराध र राज्यले छुवाछूत मुक्त राष्ट्र घोषणा गरे पनि व्यवहारमा कार्यन्वयन हुन नसकेकामा खेद प्रकट गर्छन्। राजनीतिकर्मी नरेन्द्र थापा मगर पनि छुवाछूत मानव सभ्यताका लागि कलङ्क भएकाले यसको अन्त्यका लागि सामुहिक रूपमा पहल गर्नुपर्नेमा जोड दिन्छन्।

जिल्लाका धेरै अधिकारकमीहरू छुवाछूत अन्त्यका लागि स्थानीय प्रहरी प्रशासनबाट समेत पर्याप्त सहयोग नपाएको गुनासो गर्छन्। खड्गबहादुर हिङ्माङ अब राज्यका निकायसहित सरोकार भएका सबै मिलेर सामाजिक

*(बाँकी अन्तिम पृष्ठमा)*

## छुवाछूतमुक्त राष्ट्र घोषणा दिवस मनाइयो

**झापा, जेठ २१।** नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले नेपाली कांग्रेसका संस्थापक नेता वीपी कोइरालाले नै छुवाछुत मुक्ति र जातीय सहभागिताको अभियान चलाएको बताएका छन्।

नेपाल दलित संघ झापाको आयोजनामा छुवाछूत मुक्त राष्ट्र घोषणाको १८औं स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस झापाको कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो विचार राखेका हुन्। पिछडिएका जातजातिलाई अवसर प्रदान गरेर राज्यसंयन्त्रमा वीपीले २००७ सालमै सहभागी गराएको बताउँदै उनले नेपाली कांग्रेसको नेतृत्वमा ल्याइएको नेपालको संविधान-०७२ले राज्यका हरेक संयन्त्रमा समानुपातिक सहभागिताको ब्यवस्था गरेको बताए।

समानुपातिक सहभागिताको संवैधानिक ब्यवस्था नहुँदै वीपी कोइरालाले आफू प्रधानमन्त्री हुँदा पिछडिएको जातजाति, वर्ग क्षेत्र र लिङ्गका आधारमा समानुपातिक प्रतिनिधित्वसहितको मन्त्रीमण्डल गठन गरेको इतिहास स्मरण गरे।

*(बाँकी अन्तिम पृष्ठमा)*

# सहकारी ठगीः १२०० जना फरार

**काठमाडौं, जेठ २१।** विगत दुई वर्षमा मात्रै सहकारी संस्थाहरूको बचत अपचलनमा संलग्न भएको आरोप लागेका एक हजार दुई सय जना फरार रहेको पाइएको छ ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक दानबहादुर कार्कीले सहकारी ठगीमा संलग्न भएको आरोपमा दुई वर्षमा मात्रै ३४६ जनालाई पक्राउ गरिएको जानकारी दिए । नेपालमा सहकारी संस्थाहरूमा ठगीबारे अनुसन्धान शुरु हुनुअघि नै भागेर विभिन्न देशमा पुगेका केही सहकारी सञ्चालकहरूलाई विदेशबाट समेत नेपाल ल्याइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विगत दुई वर्षमा सहकारी ठगीसँग सम्बन्धित १८४ वटा मुद्दा विभिन्न अदालतमा दर्ता भएका छन्। विगत दुई वर्षमा सहकारी संस्थाका बचतकर्ताहरूले आफ्नो ७० अर्ब रुपैयाँ बराबरको रकम फिर्ता नपाएको उजुरी प्रहरीमा गरेका छन् । त्यस्ता पीडितहरूले भने बचत फिर्ताका लागि आफूहरूले संघर्ष गरिरहेको तर आफ्नो बचत फिर्ता नभएको गुनासो गर्दै आएका छन् ।

उता सहकारी संस्थाहरूमा सर्वसाधारणको बचत हिनामिनाबारे अनुसन्धान गर्न गठित संसदीय समितिले केही दिनभित्रै आफ्नो काम शुरु गर्न तयारी गरिरहेको छ । समितिका संयोजक सूर्य थापाले केही दिनभित्र समितिको बैठक राख्ने र अनुसन्धान प्रक्रियाबारे छलफल हुने बताए ।

**फरार हुनेको संख्या बढ्दो**

सहकारी संस्थाहरूमा हिनामिनाको आरोप लागेर विगत दुई वर्षदेखि प्रहरीको खोजी सूचीमा रहेका मानिसहरूको संख्या १,२०७ जना पुगेको नेपाल प्रहरीका प्रवक्ताले बताएका छन् ।

प्रहरीको तथ्याङ्क अनुसार गतसाउनदेखि वैशाखसम्म ६९५ जना र गत आर्थिक वर्ष ५१२ जना फरार भएका छन् । गत वर्ष १९३ जनालाई पक्राउ गरेको प्रहरीले यो आर्थिक वर्षको वैशाखसम्म १५३ जनालाई पक्राउ गरिएको जनाएको छ । तर प्रहरीको तथ्याङ्क अनुसार यस अवधिमा फरार मानिसहरूमध्ये २० प्रतिशत मात्रै पक्राउ परेका छन् । पक्राउको तुलनामा फरार हुनेहरूको सङ्ख्या ठूलै छ- प्रहरी प्रवक्ता कार्की भन्छन् । सबै जिल्ला (प्रहरी कार्यालय)ले आआफ्नो जिल्लामा रहेका फरारहरूको खोजी गर्नका लागि एउटा टीम नै परिचालन गरेको हुन्छ । तर, आफ्नो जिल्लाभन्दा बाहिर र मुलुकभन्दा पनि बाहिर फरार हुने अवस्था छ ।

फरार व्यक्तिहरूलाई देशैभरि र देशबाहिरको पनि प्रहरी सञ्जालको सहयोगमा खोजी र पक्राउ गरिने प्रहरी प्रवक्ता बताउँछन् । साथै प्रहरीले त्यस्ता व्यक्तिहरूले प्रयोग गर्ने मोबाइल र सीसीटीभी फुटेजको सहयोगमा पनि खोजी गर्ने गरेको अधिकारीहरू बताउँछन् ।

केही समयदेखिको आर्थिकमन्दीका कारण सहकारी संस्थाहरूमा मात्रै नभएर बैंकिङ कसुरका घटना र फरार व्यक्तिहरूको संख्या बढ्दै गएको प्रहरीको भनाइ छ । आर्थिक असहजताको कारण सहकारी मात्रै नभई बैंकिङ कसुर र ठगीलगायतका घटामा फरारहरूको संख्या पनि बढेको छ । मुद्दा संख्या बढेसँगै फरार मानिसहरूको संख्या पनि बढ्ने हो- कार्की भन्छन् ।

**छ जनाविरुद्ध रेड कर्नर नोटिस**

प्रहरीले सहकारी ठगीसँग सम्बन्धित मुद्दामा मात्रै छ जनाविरुद्ध रेडकर्नर नोटिस जारी गरेको छ । नेपालले प्रहरीको अन्तर्राष्ट्रिय सञ्जाल इन्टरपोलमार्फत् १९६ देशमा खोजी गर्नका लागि रेड कर्नर सूचीमा राखेका ६५ जनामध्ये सहकारीको ठगीमा संलग्न छ जना छन् ।

इन्टरपोलले आफ्नो विश्वभरिको संयन्त्रमार्फत् 'रेड नोटिस' मा रहेका मानिसहरूको खोजीमा समन्वय गर्छ । रेड नोटिस जारी भइसकेपछि सबै सदस्य राष्ट्रहरूले शङ्कास्पद व्यक्तिको निगरानी गरिरहेका हुन्छन् र गतिविधि भएमा पक्राउ गर्ने अवस्था हुन्छ- कार्की भन्छन् । पक्राउ भएपछि पनि अदालती र कूटनीतिक प्रक्रिया पूरा गरेर नेपाल ल्याउन लामो समय लाग्ने अधिकारीहरू बताउँछन् ।

नेपालमा अपराध गरेर अर्को देशमा लुकेका कुनै व्यक्तिले उक्त देशको नागरिकता वा आवासीय अनुमति प्राप्त गरेको अवस्थामा भने ल्याउन चुनौति हुने बताइन्छ ।

**जीबी राईलाई खोज्ने के पहल हुँदैछ ?**

कैयौं सहकारी संस्थाहरूबाट बचतकर्ताहरूको रकम अपचलन गरेको आरोप लागेका गीतेन्द्रबाबु राई (जीबी राई)लाई यस्तो नोटिस जारी गर्दा समेत नेपाल ल्याउन नसकिएपछि कूटनीतिक पहल पनि भइरहेको प्रहरीले जनाएको छ ।

उनलाई ल्याउन इन्टरपोलमार्फत् र कूटनीतिक दुवै प्रयास भएको छ । अहिलेसम्म प्राप्त सूचनाअनुसार जुन देशमा उनी बस्न खोजिरहेका छन्, त्यो देशबाट ल्याउन अलि गहन कानूनी प्रक्रिया पुऱ्याउनुपर्ने भएकोले अलि समय लागेको हो- मलेशियामा रहेको ठानिएका राईबारे कार्कीले भने । दुईवटा सहकारी संस्थाबाट बचतकर्ताहरूको अर्बौं हिनामिना गरेको आरोप लागेका चन्द्रबहादुर लामा (सीबी लामा) लाई प्रहरीले हालै पक्राउ गरेर सार्वजनिक गरेको थियो ।

प्रहरीका अनुसार जीबी राईसहित भूपेन्द्र राई र थानबहादुर बुढालाई कास्की प्रहरीमार्फत्, भरत महर्जनलाई केन्द्रीय अनुसन्धान व्यूरोमार्फत् र छेला नेपाली तथा देवकुमार नेपालीलाई बागलुङ प्रहरीमार्फत् रेड कर्नर नोटिस जारी भएको हो । नेपाली बागलुङको ढोरपाटन गाउँपालिकाका अध्यक्षसमेत हुन् । वीवीसी

## निर्देशक सुदर्शन पक्राउ



**काठमाडौं, जेठ २१।** फिल्म निर्देशक तथा अभिनेता सुदर्शन थापा पक्राउ परेका छन् । मालीगाउँ प्रहरीले काठमाडौंको बालुवाटारस्थित एक होटलबाट सोमबार उनलाई पक्राउ गरेको हो ।

गत वर्ष रिलिज भएको फिल्म 'प्रसाद-२'को लेनदेनको विवादमा उनलाई प्रहरीले नियन्त्रणमा लिएको बताइन्छ । उनलाई पक्राउ गरेर प्रहरी वृत्त बौद्धमा लगिएको छ । गत असोजमा 'प्रसाद-२'का निर्मातामध्येका एक सुदर्शन बस्नेतले आपराधिक विश्वासघातको आरोपमा निर्देशक थापाविरुद्ध उजुरी दिएका थिए । उजुरी परेको ७ महिनापछि उनी पक्राउ परेका हुन् । अदालतबाट पक्राउ पूर्जी जारी हुँदा पनि उनी खुल्लमखुल्ला हिँडिरहेका थिए । उनी 'प्रसाद-२'का निर्देशक हुन् ।

निर्देशक थापाले आफ्नो मन्जुरीबिना देश तथा विदेशमा फिल्म प्रदर्शन गरेर एक करोड ५० रुपैयाँ ठगी गरेको आरोप निर्माता बस्नेतको छ । निर्देशक थापासहित सम्पादक मिलन श्रेष्ठ र ओएसआर डिजिटलका सञ्चालक ओम अग्रवालविरुद्ध पनि आपराधिक विश्वासघातको उजुरी परेको थियो । अग्रवाललाई त्यसबेलै पक्राउ गरेर प्रहरीले हाजिरी जमानीमा छाडेको थियो । मिलन भने पक्राउ परेका छैनन् ।

पक्राउ पर्नुअघि निर्देशक थापा आफ्नो नयाँ फिल्म 'रावायण'को दोस्रो चरणको छायांकन शुरु गर्ने तयारीमा थिए । उनी पक्राउ परेपछि फिल्मको छायांकन रोकिएको छ । उनलाई सोमबार नै अनुसन्धानका लागि म्याद थप गर्न काठमाडौं जिल्ला अदालतमा उपस्थित गराउने तयारीमा प्रहरी रहेको जनाइएको छ ।

### गैंडे ...

काठसहित उनीहरूको पक्राउ परेका हुन् । दुईवटा रूखका २८ वटा टुनासहित उनीहरूलाई पक्राउ गरिएको सबडिभिजन वन कार्यालय दमकका प्रमुख एकराज दाहालले जानकारी दिए ।

'काठ तस्करी भइरहेको सूचनाका आधारमा हामीले निगरानी बढाएका थियौं । एउटा रूख जंगलमा गिँडेर राखेको अवस्थामा भेटियो । त्यही आधारमा खोज्दै आयौं'- उनले भने- 'एउटा रूखको टुना सामुदायिक वनको कम्पाउन्डभित्र परालले छोपेर लुकाएको अवस्थामा फेला पार्‍यौं । अध्यक्ष र उपाध्यक्ष त्यहीं हुनुहुँदोरहेछ । त्यो भनेपछि त रंगेहात नै भन्नुपऱ्यो नि !' पक्राउ परेका अध्यक्ष र उपाध्यक्षलाई थप अनुसन्धानका लागि डिभिजन वन कार्यालय भद्रपुर पठाइएको उनले बताए ।

अध्यक्ष कार्की गैंडे सामुदायिक वनमा एक दशकभन्दा लामो समयदेखि कार्यसमितिमा बस्दै आएका छन् । उनी एक कार्यकालका वरिष्ठ उपाध्यक्ष र दुई कार्यकाल वनको अध्यक्ष भएका छन् । कार्की गतस्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट शिवसताक्षी-११ को वडाध्यक्षमा पराजित भएका थिए ।

## सिलौटा बेचेर जीविकोपार्जन गर्दै धरानका विशाल

**धरान, जेठ २१।** धरान उपमहानगरपालिका-८ बरगाछीमा सिलौटा बनाउँदै गर्दा भेटिएका खनार सुनसरीका विशाल शर्मा मसला पिस्ने लोहोरो, जाँतो र सिलौटोको व्यापारबाट जीविकोपार्जन गरिरहेका छन् । उनले सिलौटा बनाउने पुर्ख्यौली पेशा भएकाले यसलाई निरन्तरता दिएको बताए ।

ढुङ्गाबाट बनेका सामग्री विभिन्न आकार र बुट्टाले भरिएका छन् । शर्माले ती सामग्री बिक्रीका लागि लहरै राखेका छन् । उनले भने- विदेशमा गएर दुःख गर्नुभन्दा यही सिलौटो व्यापार गरेर जीविकोपार्जन भइरहेको छ । स्वदेशमा केही गर्दा आनन्दसँगै आत्मसन्तुष्टि प्राप्त हुने उनको बुझाइ छ ।

सिलौटो बनाउने ढुङ्गा मोरङको केराबारी, जाँते लेटाङलगायत स्थानबाट खरिद गरी ल्याउने गरेको शर्माले बताए । उक्त व्यापारबाट मासिक रु. ३५ देखि रु. ४० हजारसम्म आम्दानी हुँदै आएको उनले जानकारी दिए । व्यापार गर्न एउटै स्थान बनाएको छैन । एक ठाउँमा तीन/चारदिन व्यापार गर्छु । तीन/चारदिनपछि



ठाउँ परिवर्तन गर्छु- शर्माले भने- पूर्खाले गर्दै आएको पेशा भएकाले पेसाको संरक्षण र आम्दानी हुने भएकाले निरन्तरता दिएको छु ।

निर्माण गरिएका सामान धरानका साथै पाहाडी भेग, भेडेटार, धनकुटा, इटहरी, बेलबारी, मोरङ, झापालगायत स्थानमा बिक्री हुँदै आएको शर्माले बताए । माग अनुसार कतिपय सामान बनाउने गरेको उनको भनाइ छ । एउटा सिलौटो बनाउन ३० देखि ४० मिनेट लाग्छ । एउटा रु. चार सयदेखि आठ सयमा दैनिक १० वटासम्म बिक्री भइरहेको छ- उनले भने ।

पछिल्लो समय महँगी र आधुनिकताका कारण व्यवसाय सङ्कटमा पर्दै गएको शर्माको भनाइ छ । अहिले सिलौटोमा मसला पिस्ने चलन हराउँदै जान थाल्यो, व्यवसाय सङ्कटमा पर्छ कि भन्ने डर छ- उनले भने- पुर्ख्यौली पेशा भएकाले संरक्षणका लागि पनि निरन्तरता दिँदै आएको छु ।

ढुङ्गाको सिलौटो बनाउने पेशालाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कोशी प्रदेशका सांसद रमेश बस्नेतले बताए । परम्परागत रुपमा प्रयोग गर्दै आइएको ढुङ्गाको सिलौटोलाई संरक्षण र प्रवर्द्धन गर्दै लैजानुपर्छ- उनले भने- स्थानीय सरकारले यस्तो पेशा गर्नेलाई सहयोग गर्नुपर्छ । प्रत्येक घरमा ढुङ्गाको सिलौटो छन् । आधुनिकताले गर्दा प्रयोगमा कम आउन थालेको मात्रै हो ।

### दलित ...

७१ वर्षीय मुङलाल महरा रहेको जिल्ला प्रहरी प्रवक्ता डीएपी एलिजा गिरीले बताएकी छन् । उनीहरूमाथि ठगी सम्बन्धी मुद्दा दायर गरी अदालतबाट म्याद थमाई अनुसन्धान भइरहेको प्रवक्ता गिरीले जानकारी दिइन् ।

### जब ...

तथा सबै प्रकारका जातीय विभेद अन्त्यका लागि एकसाथ अगाडि बढ्नुपर्ने धारणा राख्छन् ।

विभेद अपराध हो भन्ने विषय कानूनमा उल्लेख भएपनि यसको कार्यान्वयनमा सबै लागेमा समाज विभेदमुक्त हुन सक्छ । त्यसैले राष्ट्रिय मानवअधिकार आयोग सबैसँग मिलेर कानून परिपालनाका लागि सहकार्य गर्न तयार छ- खोटाङका मानवअधिकार अधिकृत दीपेश बस्नेत भन्छन् ।

### साउदी ...

रुपैयाँ १०को १०० थान, प्रदेश १-०५-००१ प ८०३७ नम्बरको मोटरसाइकल, बा ४६ प ९७७५ नम्बरको स्कुटर र ३ थान मोबाइल बरामद गरेको छ ।

१६ जेठमा रामेछापको दोरम्बा गाउँपालिका-७ घर भई काठमाडौं बस्दै आएकी ५८ वर्षीया चन्दरी तामाङलाई साउदी रियाल देखाई यो समूहले ठगी गरेको भन्दै उजुरी परेको थियो । सुनका गरगहना र नगद गरी चन्दरीबाट यो समूहले २ लाख १० हजार रुपैयाँ ठगी गरेको उजुरी थियो ।

यो समूहले अहिलेसम्म श्रृंखलाबद्ध रुपमा १४ लाख २१ हजार ५ सय रुपैयाँ ठगी गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । १० साउन २०८०मा काभ्रेको तेमाल घर भएकी ३५ वर्षीया फूलमाया तामाङलाई सस्तो दरमा साउदी रियाल दिने भन्दै उनीसँग भएको गहना र नगद गरी ४ लाख ८५ हजार रुपैयाँ ठगी गरेको पाइएको अपराध अनुसन्धान कार्यालयका एसपी रवीन्द्र रेग्मीले बताए ।

त्यसैगरी १५ साउन २०८०मा रामेछापको गुप्तेश्वरकी सरमाया तामाङलाई पनि यही शैलीमा सुनका गहना र नगद गरेर २ लाख २२ हजार ५ सय रुपैयाँ ठगी गरेको खुलेको छ । २४ साउन २०८० मा ओखलढुंगाको सुनकोशी गाउँपालिका-३का उत्तम बस्नेतलाई भने सस्तोदरमा कतारी रियाल दिने भन्दै उनीबाट २ लाख २० हजार रुपैयाँ बराबरको सुनको गहना ठगी गरेको खुलेको छ । २१ पुस २०८०मा दोलखाको डाँडाखर्ककी दिलकुमारी तामाङबाट भने यो समूहले २ लाख ८४ हजार ठगी गरेको पाइएको छ । पक्राउ परेका सबैलाई कारबाहीका लागि प्रहरी वृत्त बौद्ध पठाइएको छ ।

### छुवाछूतमुक्त ...

नेपाली कांग्रेस पार्टीको विधानमा समेत प्रत्येक तहगत संरचनामा पिछडिएका जातजाति, क्षेत्र, बर्ग, लिङ्गको सहभागिता सुनिश्चित गरिएको र सोही अनुरुप सहभागिता बढाइएको सभापति थेवेले जानकारी दिए । आफ्नो सांगठनिक संरचनालाई वडादेखि जिल्ला तहसम्मै चुस्तदुरुस्त राख्न नेपाल दलित संघलाई उनले निर्देशन समेत दिए ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले कानूनी रूपमा मात्रै छुवाछूत र विभेद सम्बन्धी समस्या समाधान भएर नहुने बताउँदै भावी पिढीलाइ राम्रो शिक्षा दिएर मात्रै छुवाछूत अन्त्य गर्न सकिने धारणा राखे । पछिल्लो समय जातजातिबीच भन्दा अभाव र गरिबी भोगिरहेकाहरुले छुवाछूतबाट बढी पीडा भोग्नुपरेको बताउँदै उपसभापति पाण्डेले सबैको मुक्तिका लागि वीपीले दुःखको बाटो रोजेकै कारण जनताले समानताको अनुभूति गर्न पाएको बताए ।

नेपाली कांग्रेस कोशी प्रदेश सदस्य राजकुमार बराइलीले २०४६ सालको जन आन्दोलनपश्चात् कागजी रुपमा थुप्रै उपलब्धि भए पनि कार्यान्वयन चुस्तदुरुस्त नभएको बताउँदै व्यवहारिक रुपमा अझै विभेद नहटेको धारणा राखे । नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले चेतनास्तरका आधारमै मान्छे हुने उल्लेख गर्दै मान्छे- मान्छेबीचमा विभेद गर्न नहुने बताए ।

कार्यक्रममा नेपाल दलित संघ कोशीका सचिव जीवन परियार, पूर्व केन्द्रीय सदस्य टंक विश्वकर्मा र हस्त परियार, अगममान बिक, मिना गजमेर लगायतले शुभकामना मन्तव्य राखेका थिए । छुवाछूतमुक्त राष्ट्र घोषणा एवम् यससम्बन्धी कानूनी र संवैधानिक ब्यवस्थाका बारे अधिबक्ता नारायणप्रसाद पौडेलले प्रशिक्षण दिएका थिए । प्रशिक्षण दिदै अधिबक्ता पौडेलले परिवर्तित समय र आवश्यकताका आधारमा कानूनहरु संशोधन हुने बताउँदै आवश्यकताकै आधारमा छुवाछुतमुक्त राष्ट्र घोषणा भएकाले यसको प्रभावकारी कार्यान्वयन जरुरी रहेको धारणा राखे ।

नेपालको संविधान २०७२ को धारा २४मा छुवाछूत सम्बन्धि ब्यवस्था रहेको र छुवाछूत गरेमा १ हजारदेखि २५ हजार जरिवानाको ब्यवस्था रहेको उनले जानकारी दिए । नेपाल दलित संघ झापाका अध्यक्ष दलबहादुर विश्वकर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत ध्रुव कनालले गरेका थिए भने सञ्चालन पम्फा विश्वकर्माले गरेका थिए ।

कार्यक्रममा बिर्तामोड-५का सविता मल्लिकसहित २० भन्दाबढी नेपाली कांग्रेसमा प्रवेश गरेका थिए । पार्टी प्रवेश गर्ने सबैलाई उपसभापति पाण्डे र सचिव हुमागाँईले पार्टीको साधारण सदस्यता प्रदान गर्दै स्वागत गरेका थिए ।

### कोशी ...

नीति तथा कार्यक्रम पेश गर्दै प्रदेश प्रमुख परशुराम खापुङले घोषणा गरेका छन् । उनले विदेशमा नेपाली चिया प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय चिया सम्मेलन गर्ने नीति लिइएको बताए । प्रदेश प्रमुख खापुङले धनकुटाको भेडेटारमा स्काई वाकको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने बताए ।

विराटनगरको २५ तले व्यवसायिक भवन परियोजना र सुनसरीको बर्जु ताल पर्यटन पूर्वाधार परियोजनालगायतका प्रदेश लगानी प्राधिकरणले अगाडि बढाएका परियोजनाको निर्माण प्रारम्भ गर्न लगानीकर्तालाई प्रोत्साहित गर्ने कोशी सरकारले नीति लिएको छ ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



**विहानको समय रोजगारीको अवसर**

तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ?

यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं ।

- पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास ।
- अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ ।
- साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ ।
- दिउँसो स्कूल पढ्नेहरूले समेत काम गर्न सक्नेछन् ।

सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०








**मेची बहुमुखी क्याम्पस भद्रपुर, झापाको**

**लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मिति २०८०/०२/२२**

यस मेची बहुमुखी क्याम्पस भद्रपुर झापामा रहेका पुराना फलामे गेट, टिन, एक्साइड ब्याट्री, वैज्ञानिक तथा विद्युतीय उपकरण लगायत फर्निचरहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्मवाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र क्याम्पस कार्यालयमा दर्ता गराई स्टोर शाखामा बुझाउने गरी सिलबन्दी बोलपत्र आव्हान गरिन्छ । बोलपत्र फारम लेखाशाखावाट रु. ३०० को रसिद काटी प्राप्त गर्न सकिनेछ । बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम भद्रपुर स्थित ने.वै.लि. को च.हि.न.. ००५००१००८१९७८८००००१मा जम्मा गरी सोको सक्कलै भौचर संलग्न गर्नुपर्नेछ ।

सिलबन्दी बोलपत्रको बाहिर 'पुराना सामानहरु लिलाम बढाबढ सम्वन्धी बोलपत्र' भनी उल्लेख गर्नुपर्नेछ । नियमानुसार दर्ता भएका बोलपत्रहरु अन्तिम मितिको भोलिपल्ट बोलपत्र दाताहरु वा निजको प्रतिनिधिको रोहवरमा दिनको २:०० वजे क्याम्पस प्रमुखको कार्यालयमा खोलिनेछ । उक्त दिन विदा परेमा कार्यालय खुलेको दिन खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । प्राप्त बोलपत्रहरु पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार क्याम्पसमा सुरक्षित रहनेछ । रित नपुगेको र म्याद नाघी आएका बोलपत्रहरु उपर कुनै कार्यवाही हुने छैन । लिलाममा राखिएका पुराना फर्निचर लगायतका सामानहरु हेर्न चाहने व्यक्ति वा फर्महरुले दिनको १२:०० बजेदेखि २:०० वजे सम्म क्याम्पसको स्टोर शाखामा सम्पर्क राखी हेर्न सकिनेछ ।

**जीवन पोखरेलः क्याम्पस प्रमुख**



**डेंगीबाट कसरी बच्ने ?**

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### चुरे क्षेत्र जोगाऊ


जीवन रक्षाका लागि नभइनहुने वस्तुमध्ये पानी एक हो । प्राणीको जीवनका लागि हावा, पानी र खाना अनिवार्य हुन्छ । त्यसमध्ये हावा र पानी प्रकृति प्रदत्त उपहार हो भने खानाका लागि समय, श्रम र लगानी गर्नुपर्छ । यस्तोमा प्रकृतिले निःशुल्क दिएको हावा, पानीको स्वरुप र अवस्थामा फेरबदल हुन नदिन चेतनाका हिसाबले मानिस नै अग्रसर हुनुपर्छ । तर, हामीकहाँ बढ्दो जनघनत्व लगायतका कारणले तिनको प्राकृतिक स्वरुपमा क्षति भइरहेको छ । जसका कारण वायुमण्डल प्रदूषित हुँदै अस्वस्थकर बनिनेक्रम बढेको छ । त्यस्तै मानिसको लापरवाही, स्वार्थ र सम्पत्तिको मोहका कारण पानीको स्रोत सुक्ने, भएका नदीनालाहरु प्रदूषित हुने क्रम बढेर गएको छ ।

जल सम्पदामा विश्वकै दोस्रो ठूलो देश भनिने नेपालमा अहिले नै जल संकट उत्पन्न भइसकेको छ । यसको मुख्य कारण भनेकै पूर्वदेखि पश्चिमसम्म फैलिएको चुरे क्षेत्रको अधिक दोहन हो भन्दै भूगर्भविद्हरुले चिन्ता व्यक्त गरेका छन् । चुरे क्षेत्र संरक्षित हुन नसक्दा मानव समुदायको आश्रयस्थल बन्ने क्रममा यहाँको प्राकृतिक सम्पदा विनास हुँदा अन्नको भण्डार भनिएको तराईका उर्वर जमिन मरुभूमिमा परिणत हुँदै गएको छ । तराईमा बसोबास गर्ने मानव समुदायले पानीको सतह सुक्दै गएर पानी खानै नपाउने अवस्था आएको छ । निरन्तरको मानवीय चपेटामा पर्दै आएको तराई र मधेशमा रहेको चुरे क्षेत्रको अत्यधिक दोहनकै कारण खानेपानीको अभाव भएपछि सप्तरी, सिरहा, धनुषा, बारा र पर्साका पीडितहरु चुरे संरक्षणको माग गर्दै पैदल हिंडेर काठमाडौं पुगेका छन् ।

'चुरे बचाऊ, पानी देऊ' भन्ने मुख्य मागसहित काठमाडौं पुगेका सर्वसाधारण सरकारको ध्यानाकर्षण गराउन धर्नामा पनि बसे । उनीहरुका आवाज प्रतिनिधिसभामा बल्ल पुगेको छ । विशेष समय लिएर बोल्ने सांसदहरुले चुरे क्षेत्रको विनाशका कारण खानेपानीको मुहान सुक्दै गएकाले तराईबासीले खानेपानीको चरम अभाव सामना गरिरहेको भन्दै समयमै चुरे संरक्षणमा लाग्न सरकारको ध्यानाकर्षण गराए । प्रकृतिको संरक्षण गर्न सरकारलाई दवाब दिनुपर्ने अवस्था आफैंमा सुखद् होइन । सरकार भनेकै अभिभावक हो त्यसैले जनभावना उसले स्वतः अनुभूत गर्नुपर्छ । तर 'आमाले पनि बालकले नरोए दूध चुसाउँदिनन्' भन्ने मान्यता छ । त्यसैले बालकको रोदनलाई सरकारले तत्काल अनुभूत गर्नुपर्छ । जनताले पानी खानै नपाएर, वस्तुभाउलाई खुवाउनै नपाएर, सरसफाई गर्नै नपाएर, उर्वर भूमि आवाद गर्नै नपाएर मर्नुपर्ने अवस्था नआओस् त्यसतर्फ सरकार गम्भीर हुनुपर्छ ।

राजनीतिक स्वार्थका कारण विभिन्न समयमा राजनीतिक दलहरुले नै वन फँडानीलाई तीव्र पारेका उदाहरण छन् । कहिले सडक विस्तारका नाममा, कहिले सस्तो लोकप्रियताका लागि त कहिले व्यक्तिगत स्वार्थले वन विनाश हुँदा एकातिर पर्यावरणीय संकट उत्पन्न भएको छ भने अर्कातिर खानेपानीको स्रोत सुक्दै गएको छ । यस्तो अवस्थाले बाढी, पहिरो, कटान जस्ता विपद्हरु पनि निम्तिएको छ । त्यसैले तस्करी, फँडानी र अतिक्रमण जस्तो अवाञ्छित गतिविधि नियन्त्रण गर्न सरकार दृढतापूर्वक लाग्नु पर्दछ । अन्यथा भोलि अझै ठूलो र जटिल समस्या निम्तिने पक्का छ ।

# निर्णायक र नेतृत्वदायी पदमा महिला सहभागिता न्यून



**अमृता अनमोल**


नेपालको संविधानले राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्न निर्देश गरेको छ । राज्य एकात्मक शासन प्रणालीबाट सङ्घात्मक शासन प्रणालीमा रुपान्तरण भएको छ । यससँगै शक्ति संरचना र निर्णायक तहमा महिला जाने प्रक्रिया बढेको छ । नेपाली महिलाहरुको नीति-निर्माण गर्ने, निर्णय गर्ने र राज्य सञ्चालन प्रक्रियामा सहभागिता बढेको छ । स्थानीय तहको वडा सदस्यदेखि सङ्घीय संसदमा सांसद महिलाहरु बढेका छन् । तर, देश हाक्ने सबैभन्दा ठूलो कार्यकारी तह मन्त्रिपरिषद्मै ३३ प्रतिशत महिला छैनन् । प्रदेश सरकार र स्थानीय तहका कार्यकारी र निर्णायक पदमा पनि महिला प्रतिनिधित्व कमजोर छ ।

राज्यले नियुक्त गर्ने संवैधानिक आयोग, कुटनीतिक नियोग र उच्च पदस्थ नियुक्तिहरुमा महिला सहभागिता न्यून छ । निर्णायक र नेतृत्वदायी तहमा महिला नहुँदा उपस्थिति बढे पनि अपेक्षा अनुरुप नीतिगत रुपमा महिलामैत्री काम हुन सकेका छैनन् । नेपाली समुदायमा पितृ सत्तात्मक व्यवहार र अभ्यास अझै बाँकी छ । परम्परागत संरचना र मूल्य-मान्यताले पितृ सत्तात्मक सोचलाई फेर्न सकेको छैन । त्यही पितृ सत्तात्मक सोचले कानूनी बाध्यता बाहेकका महिलालाई कार्यकारी र निर्णायक तहमा जान रोकेको हो । उदाहरणको रुपमा लुम्बिनी प्रदेशमा हेरौं ।

लुम्बिनी प्रदेशको ठूलो दल एमालेमा १० महिलासहित २९ जना प्रदेशसभा सदस्य छन् । तर, सरकारमा पाँच मन्त्री बनाउँदा एमालेले एउटै पनि महिला मन्त्री बनाउन सकेन । प्रदेशसभाको संसदीय समितिमा तीन मन्त्री सभापति हुँदा समेत एक महिला खोजिएन । यत्ति मात्रै होइन, एमालेले आफ्नै पार्टीभित्र संसदीय दलको नेता र प्रमुख सचेतकमा पनि महिला राखेको छैन । एमालेभित्र सक्षम महिला प्रदेश सभा सदस्य नभएका हुन् वा अन्य कारणले दलका नेताहरु तैंचुप मैचुपमा छन् । यद्यपि प्रत्यक्षबाट जितेका प्रदेशसभाका सदस्य महिला नभएकाले मन्त्री वा विषयगत समितिको सभापति पद दिन नसकिने भन्दै आफ्ना आवाज नसुन्ने गरेको गुनासो महिला प्रदेशसभा सदस्यहरुको छ ।

लुम्बिनीमै ११ प्रदेशसभा सदस्य रहेको माओवादी केन्द्रमा चार महिला छन् । माओवादीले मुख्यमन्त्री जोखबहादुर महरा बन्दा आफ्नो पार्टीबाट मन्त्रीमा समेत समेटेको छैन । बरु प्रदेशसभाको संसदीय समितिको सभापतिमा एक महिलालाई थन्काएको छ । लुम्बिनी प्रदेश सरकारमा पाँच दलसहित एक स्वतन्त्र सहभागी छन् । लैंगिक हिसाबले पुरुष मात्रै सहभागी मन्त्रिपरिषद्मा सानो दल नेकपा (एस)बाट भगवती अधिकारी मन्त्री बनेकी छन् । त्यो पनि नेकपा एकीकृतबाट महिला मात्रै प्रदेशसभा सदस्य भएकाले सामाजिक विकास मन्त्रालय फुटालेर महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बनाएर जिम्मा दिइएको छ । दश दल सहभागी लुम्बिनी प्रदेशमा ३३ महिला प्रदेशसभा सदस्य छन् । यसअघि नेपाली कांग्रेसले पनि मन्त्री पद महिलालाई दिएको थिएन ।

लुम्बिनी प्रदेशमा जस्तै अन्य प्रदेशमा पनि असमावेशी मन्त्रिपरिषद् छ । असमावेशी प्रदेशसभाको विषयगत समिति छन् । संसदीय दल र दलका नेता महिलाको नेतृत्वमा छैनन् । देशको मूल कानून संविधान हो भने मूलनीति राजनीति हो । सङ्घीयताको जगमा बनेको प्रदेश संरचनामै राजनीतिक दलहरुले कार्यकारी तहमा महिला नलैजानु सङ्घीयता र संविधानको समावेशी नीति विपरीतको काम हो । असमावेशीताको पराकाष्टा हो । यसर्थ, राज्य



सञ्चालन प्रक्रियाको कार्यकारी तहमा पुरुष मात्रै जाने र महिला नलैजाने राजनीतिक दलहरुको क्रियाकलाप सच्चाउन जरुरी छ ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका देशका शाशन पद्धतिका महत्वपूर्ण तीन अङ्ग हुन् । कानूनी प्रावधान राखेकाले अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ । प्रदेशसभामा ३४ प्रतिशत महिला छन् । स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन् । यी महिलाले हासिल गरेका उपलब्धि हुन् । कानूनीरुपमा बाध्यतावश दिनैपर्ने पद हुन् । देशका तीन वटै अङ्गका प्रमुख पुरुष छन् । अर्थात् प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख तीन वटैमा पुरुषको नेतृत्व छ । राष्ट्रपति पुरुष छन् । सङ्घीय व्यवस्थापछि बनेका सात प्रदेश सरकार कुनैमा मुख्यमन्त्री महिला छैनन् । न त प्रदेश प्रमुख नै महिला छन् ।

संवैधानिक बाध्यता नहुँदा प्रदेश र सङ्घीय सरकारमा ३३ प्रतिशत महिला छैनन् । ५५३ स्थानीय तहमध्ये २५ वटामा मात्रै महिला प्रमुख वा अध्यक्ष छन् । देशको सबैभन्दा उच्च कार्यकारी पद प्रधानमन्त्री अझै महिला बन्न सकेका छैनन् । प्रदेश सरकार स्थापनाको सात वर्ष बित्दासम्म मुख्यमन्त्री महिला बनेका छैनन् । वाध्यकारी बाहेकका पदमा महिलालाई अगाडि बढाउन नखोज्ने प्रवृत्ति सबैजसो दलमा छ । यही प्रवृत्ति महिला सहभागिता र नेतृत्वको वाधक हो । महिलालाई शासक होइन सेवक ठान्ने प्रवृत्ति हो । पितृसत्ताले गाँजिएका दलका नेताहरुको मनमा रहेको पितृसत्ताको घर नफाल्दासम्म राजनीतिक दल र सरकारको शासनकपद्धतिमा निर्णायक तहमा महिला जान सक्ने अवस्था देखिँदैन ।

महिला सहभागिता हुँदै महिला नेतृत्व लैङ्गिक समानता दिगो विकास र न्यायिक विकासका सूचक हुन् । व्यवस्थापिका अन्तर्गत अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ । प्रदेशसभामा ३४ प्रतिशत महिला छन् । स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन् । यी महिलाले हासिल गरेका उपलब्धि हुन् । सजिलो गरी भन्दा कानूनी रुपमा बाध्यतावश महिलालाई दिनैपर्ने पद हुन् । राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्ने हो भने सबैभन्दा पहिला कार्यकारी पदमा महिला ल्याउनुपर्छ । त्यो भनेको तीन तहकै सरकारमा ३३ प्रतिशत महिला अनिवार्य राख्ने व्यवस्था हुनुपर्छ । सङ्घीय र प्रदेश सरकार दुबैमा कुल मन्त्रिपरिषद् सदस्य जोड्दा ३३ प्रतिशत महिला हुनैपर्ने कानूनी व्यवस्था हुनुपर्छ । नत्र मन्त्रिपरिषद्मा एक वा दुई मन्त्री राखेर लैंगिक समावेशीको उद्देश्य पूरा हुँदैन । यो मात्र हात्तीको दाँत जस्तै मात्र हुन्छ ।

नेपालको समावेशी संविधानको जगमा बनेका १३ वटा संवैधानिक आयोगको व्यवस्था गरेको छ । ती अख्तियार दुरुपयोग अनुसन्धान, लोकसेवा, निर्वाचन, राष्ट्रिय महिला, प्राकृतिक स्रोत तथा वित्त, महालेखा, मानव अधिकार, आदिवासी जनजाति, मधेशी, थारु, समावेशी, मुस्लिम लगायत १३ वटा आयोग हुन् । राष्ट्रिय महिला आयोगबाहेक अरु १२ वटै आयोगमा अध्यक्ष पुरुष छन् । अधिकार सम्पन्न यस्ता आयोगमा महिलालाई अध्यक्षता नदिने मात्र होइन, ३३ प्रतिशत महिलाको नियुक्ति समेत छैन ।

राज्यका निर्णायक तह र सार्वजनिक नीति-निर्माण तहमा महिला सहभागिता बढाउने दुई विधि छन् । ती हुन्, स्वतन्त्र निर्वाचन र सरकारी सेवा प्रवेश । राजनीतिक रुपमा वा स्वतन्त्र रुपमा जनमत पाएर वा सरकारबाट नियुक्त भएर जाने पद मात्र होइन, आफ्नो शैक्षिक र बौद्धिक बलबुताबाट जाने उच्चस्तरीय पदमा पनि महिला नेतृत्व छैन । सुरक्षा संयन्त्रकै कुरा गरौं, नेपाली सेना, सशस्त्र र नेपाल प्रहरी तिनवटै सुरक्षा निकायमा महिला प्रमुख छैनन् । वि.सं. २००७ बाट महिलालाई भर्ना लिन थालेको नेपाल प्रहरीमा अहिलेसम्म महिला प्रहरी प्रमुख बनाइएको छैन । वि.सं. १९६१ देखि महिलालाई भर्ती लिन थालेको नेपाली सेनामा पनि उस्तै छ । शुरुआतमा प्राविधिक फाँटमा महिलालाई भर्ना लिन थालेको सेनाले बिस्तारै नर्सिङ, चिकित्सक, इञ्जिनीयर हुँदै वि.सं. २००४ देखि सैन्य जवानमा महिला भर्ती लिन थालेको थियो ।

विडम्वना सेनामा अहिलेसम्म प्रमुख महिला बनेका छैनन् । दुबै सुरक्षा संयन्त्रमा अब पनि तत्काल प्रमुख बन्ने लाइनमा महिला छैनन् । प्रशासनिक क्षेत्रमा मुख्य सचिव सबैभन्दा ठूलो तह हो । निजामती क्षेत्रबाट देशको प्रशाशन चलाउने मुख्य सचिव पनि पुरुष नै छन् । शिक्षा, योग्यता र अनुभवका आधारमा पुगिने यस्ता पदमा पनि महिला प्रमुख हुन सकेका छैनन् । सात वटै प्रदेशमा रहेका प्रमुख सचिव पनि पुरुष छन् । स्थानीय तहमा पनि अधिकांशमा प्रमुख प्रशासकीय अधिकृत पुरुष राखिएका छन् । प्रशासनिक क्षेत्रमा समान तहमा रहेका महिलालाई पनि प्रमुखको भूमिकामा नपठाइनु महिला नेतृत्व नस्वीकार्नुको अर्को उदाहरण हो ।

निष्कर्षमा, संवैधानिक सुनिश्चितता भएकाले राज्य सञ्चालन प्रक्रियामा महिलाको सहभागिता बढ्दै गएको छ । यो राम्रो कुरा हो । तर, समावेशी लोकतान्त्रिक अभ्यास शुरु गरेको डेढ दशक बित्न लाग्दासम्म पनि महिला नेतृत्व स्थापित छैन । अर्थात् कार्यकारी, निर्णायक र नेतृत्व प्रदान गर्ने पदमा महिला उपस्थिति कमजोर छ । महिलाको भूमिकालाई आत्मसाथ गरी समाज परिवर्तन गर्न हरेक क्षेत्रमा महिला नेतृत्व आवश्यक छ । त्यसका लागि महिलालाई संरक्षण, सम्मान, हौसला र गर्वकासाथ नेतृत्व तहमा पुऱ्याउन सघाउनुपर्छ ।

विश्वमा सन् २०३० सम्ममा लङ्गिकरुपमा महिला पुरुषको समान सहभागिताको लक्ष्य निर्धारण गरिएको छ । दिगो विकास लक्ष्य पूरा गर्न पनि महिलालाई निर्णायक र नेतृत्व तहमा पुऱ्याउन काम गर्नुपर्नेछ । तीन वटै तहमा संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्नेछ । निर्णायक तहमा महिला नेतृत्व बढाउन राजनीतिक दल र सरकारमा महिला सहभागिता बढाउनुपर्छ । प्रदेशसभा सदस्य र सङ्घीय सांसदमा जस्तै मन्त्रिपरिषद्मा पनि अनिवार्य ३३ प्रतिशत महिला हुनुपर्ने कानूनी व्यवस्था गरिनुपर्छ । संवैधानिक आयोगमध्ये एक तिहाइमा प्रमुख महिला हुने व्यवस्था गरिनुपर्छ ।

# गणतन्त्रात्मक राज्यव्यवस्थामा दलित मुक्तिको सवाल



**सुशिल बराइली**




नेपाली जनताको सङ्घर्षपूर्ण योगदानबाट नेपाल लोकतान्त्रिक गणतन्त्र बनेको पनि झण्डै दुई दशक भइसकेको छ । नेपालमा थुप्रै क्रान्तिहरू भए, थुप्रै व्यवस्थाहरू फेरिए केबल ती सबै लोकतन्त्रको निमित्त थियो । हामी सामान्तवादका बिरुद्धमा लाग्यौं । निरङ्कुश राजतन्त्र समाप्त पार्न लड्यौं । कति मानिसहरूले सहादत प्राप्त गर्नुभयो । ती सबै शहीदहरूको सपना पनि समताकै निमित्त थियो । समानताका निमित्त थियो, समावेशी समानुपातिक लोकतान्त्रिक गणतन्त्रको निमित्त नै थियो ।

के आज हामी सही लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा छौं त ? एउटा उखान थियो- 'हात्ती आयो हात्ती आयो फुस्सा' भने जस्तै लोकतन्त्र कसका लागि आयो ? अनि के का लागि आयो ? हिजो केही नभएको र केही पेसा व्यवसाय नगरेका समाज परिवर्तनका खोक्रा सपना बोकेका वा बाँडी हिंडेका ती नेता कार्यकर्ताको आज जीवनशैली हेरौं अनि उनीहरूको सम्पत्ति हेरौं, हिजो मोटरसाइकल नभएकाहरूको आजका नेताहरूलाई हेरौं । त्यसकारण लोकतन्त्र कहाँ आयो, कसका लागि आयो ? केही पेसा व्यवसाय नभएका साथीहरूको यत्रो सम्पत्ति कहाँबाट आएको हो ! भने विभिन्न सङ्गठनका कार्यकर्ताहरूले लेखाजोखा राख्ने कि नराख्ने ? प्रश्न गर्ने कि नगर्ने ? वर्तमान नेपाली समाज विभिन्न वर्ग जाति, भाषा, धर्म, संस्कृतिमा आधारित छ र अहिलेसम्म बहुदलीय प्रतिष्पर्धामा आधारित राजनीतिक प्रणाली चल्दै आएको छ ।

नेपालमा जनवादी क्रान्ति सम्पन्न भएको पनि दुई दशक बितिसक्दा पनि वर्गीय शोषण, जातीय शोषण र व्यापक असमानता जातीय, भाषिक लैङ्गिक, सांस्कृतिक विभेद कायमै छ । यस्तै विभिन्न भूगोलमा बसोबास गर्ने जनताबीचको भौगोलिक असमानता पनि कायमै छ । यसरी नेपाली समाज विभिन्न खाले अन्तरविरोधको जटिलतामा अल्झिएको छ । त्यसकारण समृद्ध नेपाल, सुखी नेपाल निर्माण गर्नका लागि सबै खाले असमानता हटाउँदै समानता ल्याउनुपर्छ कि पर्दैन ? आज नेपालको जनसंख्याको हिसाबले झण्डै ७० लाख जनसंख्या भएको दलित समुदाय, दलित मुक्ति अभियानमा लागेको छ ।

नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा भएको पनि ठ्याक्कै १९ बर्ष पूरा भइसकेको छ । २०६२ जेठ २१ गते नेपालमा छुवाछुतमुक्त राष्ट्र घोषणा भएको थियो । आज नेपालका सबै दलित समुदाय अर्थात् विभिन्न राजनीतिक पार्टीको जनवर्गीय संगठन दलित संगठनहरू हर्षोल्लासका रूपमा जेठ २१ गतेलाई मनाउँदै आएका छन् । त्यस्तै नेपालमा छुवाछुतमुक्त राष्ट्र घोषणा हुँदा आम दलित समुदायहरू मुक्ति भए त ? मेरो प्रश्न नेपाल छुवाछुतमुक्त घोषणा भएको १५ बर्ष नबित्तै २०७७ साल जेठ १० गतेका दिन रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं.८ सोतिमा नवराज विकसहित छ जना युवाहरूको योजनाबद्ध ढङ्गले हत्या भएको थियो । त्यो पनि जातीय विभेदकै एउटा ज्वलन्त उदाहरण थियो ।

यसरी हेर्दा जातीय विभेद कहिले पूर्वमा त कहिले पश्चिममा लुतो जस्तो संक्रमित भएर आइरहन्छ । यो जातीय विभेदको समस्या दलित समुदायको मात्र समस्याको रूपमा न भएर राष्ट्रिय समस्या हो, जसको समाधान गर्न राष्ट्र नै लाग्नुपर्छ । आज जेठ २१ गतेलाई राष्ट्रले पर्वको रूपमा मनाउनुपर्छ । नेपालमा थुप्रै संविधानहरू परिवर्तन हुँदै गर्दा हाल बनेको नयाँ संविधानले औपचारिक रूपमा आसाको दियो जगाएको छ । अन्तरिम संविधानको भाग-३ मा मौलिक हक धारा १३ समानताको हक २-३ मा लेखिएको छ । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात उत्पत्ति एवम् भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । यसले के कुरा स्पष्ट पार्छ भने नेपाली नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जातजाति उत्पत्तिका आधारमा भेदभाव गरिने छैन । सामान्य बाहिरी नजरले हेर्दा यसमा विरोध गर्ने कुनै ठाउँ नै छैन । किनकि संविधानले दलितहरूलाई धर्म, वर्ण र जातजातिका आधारमा भेदभाव गरिने छैन भनेको छ ।

जब संविधानले नै यस्तो कुराको घोषणासहित व्याख्या गरेपछि संविधानले नै भेदभाव गऱ्यो भन्ने पनि ठाउँ नै छैन, तर समस्या भनेको भेदभावको मात्र होइन । यो समस्या भनेको स्रोतको हो भने भेदभावको स्रोत के हो त ? भेदभाव के कारणले उत्पन्न भयो त ? भेदभाव मानिसको जातका कारणबाट भयो अनि जात वर्णबाट र जात वर्ण, वर्ण स्रोत भनेको वर्णगत प्रथा हो, तर संविधानले वर्णगत प्रथालाई अन्त्य गर्ने होइन कि वर्णगत प्रथाबाट उत्पन्न भएको भेदभावलाई मात्र रोक्ने भनिएको छ ।

दलितहरूलाई छुवाछुत प्रथाको अन्त्यको जति धेरै आवश्यकता छ नि त्यो आवश्यकता भने छुत जातहरूलाई छैन । त्यही कारण यो समस्या दलितहरूको मात्र नभएर सिङ्गो राष्ट्रको समस्या हो यसलाई सबै सामाजिक संघ-संस्था, बुद्धिजीवी, नागरिक समाज लगायत गैह्रसरकारी संस्थाहरू सबै मिलेर जातीय मुक्ति र वर्गीय मुक्तिको अभियानलाई साकार पार्दै त्यो समुदायलाई समृद्धिको अभियानमा जोड्दै योग्यता, क्षमता र क्रियाशीलताका आधारमा सदीयौंदेखि पछाडि पारिएका वर्ग समुदायलाई राज्यको मूलधारमा पुऱ्याउन सकियो भने मात्र समृद्ध नेपाल, सुखी नेपालको सपना साकार हुन्छ र समाजवादी समाजको निर्माणको अभियान पूरा हुन्छ भन्ने मेरो विचार हो ।

# निगुरो बेच्न स्थानीय व्यस्त



**बेलबारी, जेठ २१।** तरकारीका रूपमा प्रयोग हुने निगुरोको माग बढेसँगै मोरङका सामुदायिक तथा साझेदारी वनमा यहाँका स्थानीय निगुरो टिप्न व्यस्त छन् ।

वर्षायाम शुरु भएसँगै यहाँका स्थानीयबासी निगुरो टिपेर व्यापार गर्न व्यस्त रहेका जनसेवा सामुदायिक वनका अध्यक्ष मीनकुमार राईले बताइन् । उनी काठमाडौँ लगायत शहरी क्षेत्रबाट माग बढेपछि वन क्षेत्रबाट ठूलो परिमाणमा निगुरो बिक्री हुने गरेको बताउँछिन् । 'स्वादिलो र स्वस्थ्यकर मानिएको तरकारीका रूपमा प्रयोग हुने निगुरोको माग हुन थालेपछि अहिले पथरी, कानेपोखरी, लेटाङ, भाउन्ने लगायतका वनबाट निगुरो टिप्न भ्याइनभ्याइ छ । जङ्गलमा बिहानैदेखि साँझसम्म स्थानीयको भिड लाग्ने गरेको छ । हाम्रो सामुदायिक वनबाट मात्रै वार्षिक रु. तीन करोडभन्दा बढीको निगुरो बाहिरिने गरेको छ' -उनले भनिन् ।

विगत १० वर्षदेखि बेलबारी १० भाउन्नेमा निगुरोको व्यापार गर्दै आएकी स्थानीय भद्रमाया भट्टाईले पहिले स्थानीयस्तरमा मात्र बिक्री हुने गरेकामा पछिल्लो समय काठमाडौं लगायत सहरबाट पनि माग आउन थालेको बताउँछिन् । ६९ वर्षीया भद्रमायाले यसै व्यवसायबाट दश जनाको परिवारको गर्जो टारिरहेको बताइन् । भाउन्नेकी गीता दर्जी र मनमाया दर्जीलाई पनि हरेक वर्षायाममा निगुरो टिप्ने भ्याइनभ्याइ हुन्छ । यसपटक पनि हरेक बिहान ७ बजे नै जङ्गल पसेर निगुरो टिप्नु उनीहरूको दिनचर्या नै भएको छ ।

गीता र मनमाया जस्तै यहाँका धेरै स्थानीयले वर्षायाम भरी निगुरो टिपेर सङ्कलन केन्द्रलाई बिक्री गरिरहेका छन् । केन्द्रले प्रति मुठा रु. दुई नाफा राखेर रु. १७ का दरले अन्य व्यापारीलाई बिक्री गर्ने । कृषि विज्ञ डा. राजेन्द्र उप्रेतीका अनुसार निगुरो एक उन्यू प्रजातीको वनस्पति भएकाले चिस्यान क्षेत्रमा बढी उम्रिने गरेको र निकै स्वस्थ्यकर तरकारी मानिने भएकाले अहिले माग बढ्दै गएको बताए ।

पूर्व-पश्चिम राजमार्गको उर्लाबारीदेखि बेलबारीसम्मका सडक किनारमा जङ्गलबाट टिपेर ल्याएको निगुरो बिक्रीका लागि राखिएका भेटिन्छन् । यसबाट यहाँका सयौं परिवारको गुजारा चलेको बताउँछन् मोरङका डिभिजन वन अधिकृत विष्णुलाल घिमिरे । उनले निगुरो टिप्न आउनेको संख्यात्मक वृद्धि र माग बढेसँगै अब सामुदायिक वन उपभोक्ता समूहले त्यसललाई व्यवस्थित गर्नुपर्ने आजवश्यकता औंल्याए ।

मोरङमा एक सय ३६ सामुदायिक वन र चार वटा साझेदारी वन रहेका छन् । हाल साझेदारी वनको नवीकरण गर्दा वन कार्ययोजनामा निगुरो सम्बन्धी कार्यक्रम समावेश गर्न थालिएको वन अधिकृत घिमिरेले बताए । बेलबारी चिसाङ साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष दिनेश गिरीले दैनिक ४० किलोमिटर टाढाबाट समेत दर्जनौंको संख्यामा निगुरो टिप्न साझेदारी वन क्षेत्रमा आउने गरेको बताए । उनले अब कार्ययोजनामै समावेश गरेर निगुरो टिप्न जानेलाई अनिवार्य परिचयपत्रको व्यवस्था गरिने बताए । उक्त वन क्षेत्रबाट हाल दैनिक दुईदेखि तीन लाखको निगुरो निर्यात हुने गरेको जनाइएको छ ।

# मलबीऊ समयमा उपलब्ध गराउन कांग्रेसको माग



**बिर्तामोड, जेठ २१।** नेपाली कांग्रेस झापाले किसानलाई उच्च गुणस्तरीय बीऊबिजन, मलखाद र कृषि सामग्री सर्वसुलभ रुपमा उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न जिल्लाका पदाधिकारी, क्षेत्रीय, प्रदेशसभा क्षेत्रीय, गाउँ-नगर सभापति, निर्वाचित जनप्रतिनिधि एवम् पालिका तहका उम्मेदवारहरुको जिल्ला पार्टी कार्यालयमा सम्पन्न बैठकले खेतीपातीको मुख्य सिजन भइसक्दा पनि किसानहरुले गुणस्तरीय बीऊबिजन एवम् मलखादको अभाव भोगिरहनुपरेको भन्दै समयमै गुणस्तरीय बीऊबिजन र मलखाद उपलब्ध गराउन सरकारसँग जोडदार माग गरेको हो ।

धान रोपाइँका लागि बीऊ राख्ने मुख्य सिजन भए पनि किसानहरुले उच्च गुणस्तरको बीऊ एवम् रासायनिक मल प्राप्त गर्न सकेका छैनन् । नेपालीहरुको मुख्य पेशा कृषि नै रहेको र समयमा बीऊबिजन, मलखाद नपाउँदा एवम् सिँचाईको व्यवस्था नहुँदा राष्ट्रको कुल गार्हस्थ उत्पादनमा नै असर पुग्ने निष्कर्ष निकाल्दै बैठकले किसानका समस्या तत्काल समाधान गर्न सरकारसँग माग गरेको हो ।

बैठकले झापाका १५ वटै पालिकामा 'पार्टी समन्वय र सहजीकरण संयन्त्र' गठन गर्ने निर्णय गरेको छ । जनताका काम सर्वसुलभ ढंगले सञ्चालन गर्दै स्थानीय आवश्यकताको प्राथमिकताका आधारमा बजेट विनियोजन गर्न जनप्रतिनिधिहरुसँग समन्वयात्मक भूमिका खेल्ने उद्देश्यका साथ झापाका १५ वटै पालिकामा 'पार्टी समन्वय र सहजीकरण संयन्त्र' गठन गरिएको नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले जानकारी दिए ।

पार्टी केन्द्रीय समितिको निर्देशन बमोजिम उक्त संयन्त्रमा पार्टीबाट निर्वाचित जनप्रतिनिधि र पालिका तहका पार्टीका उम्मेदवारमध्येबाट तीन जना, पार्टीका पालिका तहका सभापतिसहित पार्टीबाट तीन जना एवम् पार्टीका शुभचिन्तक वा सामाजिक व्यक्तित्व मध्येबाट तीन जना गरी नौ सदस्यीय संयन्त्र गठन गरिएको सचिव नवीन विमलीले जानकारी दिए ।

# जेठो हिमाल आरोहणको ७४ वर्ष पूरा



**झापा, जेठ २१।** नेपालको पर्वतारोहण पर्यटनको इतिहास जोडिएको म्याग्दीस्थित अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको ७४ वर्ष पूरा भएको छ ।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ ।

आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो ।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्म भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रुपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले बताए ।

हर्गोजको टोलीबाट भएको अन्नपूर्ण आरोहणले नेपालको पर्वतारोहणको सम्भावना अन्तर्राष्ट्रियकरण भएकाले महत्वका साथ दिवस मनाउन लागिएको उनले बताए । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले अन्नपूर्ण आरोहण भएको ७४ वर्ष पुगेको अवसरमा प्रथम पर्वतारोही हर्जोगको सालिक बनाएर आधार शिविरमा राख्न लागिएको बताए ।

नारच्याङका तेज गुरुङको अगुवाइमा वि.सं. २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ ।

पदमार्गको प्रचारप्रसार गर्न प्रवेश विन्दुमा पर्ने नारच्याङमा वि.सं. २०७७ मा गाउँपालिकाले अन्नपूर्ण पर्यटन महोत्सव आयोजना गरेको थियो । कास्की र म्याग्दीका दुई वटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ । अन्नपूर्ण हिमाललाई फन्को लगाउने अन्नपूर्ण चक्रीय पदमार्ग विश्वको प्रसिद्ध पदमार्ग मानिन्छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन (टान) गण्डकीका उपाध्यक्ष कृष्ण आचार्यले मौरिसले अन्नपूर्ण आरोहणको अनुभव समेटेर लेखेको पुस्तकले नेपालको पर्वतारोहण पर्यटनलाई विश्व बजारमा उजागर गर्नमा महत्वपूर्ण योगदान पुगेको बताए ।

७४औं अन्नपूर्ण आरोहण दिवसको अवसरमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजनामा नेपालमा आइतबार कास्कीको माछापुच्छ्रे गाउँपालिकाको धम्पुसदेखि धिताल हुँदै अस्तामसम्म नेपालस्थित नौ देशका राजदूतको पदयात्रा गरिएको थियो ।

पोखरामा आयोजना गर्न लागिएको समारोहमा अन्नपूर्ण हिमाल आरोहण गरेका पर्वतारोही पूर्णिमा श्रेष्ठ, दावा योङजोम शेर्पा र लाक्पा डेन्डी शेर्पा लगायतलाई सम्मान गर्ने कार्यक्रम तय भएको छ । सो कार्यक्रममा गण्डकी प्रदेशको सांस्कृतिक विविधता झल्काउने मौलिक गीत र नृत्य प्रदर्शन गरिने पर्यटन बोर्ड गण्डकीका प्रमुख पोखरेलले बताए ।

अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले अन्नपूर्ण आधार शिविरदेखि कास्कीको घान्द्रुकसम्म म्याराथन प्रतियोगिताको आयोजना गरेको छ । टान गण्डकीले आज पोखराको 'भ्यु फेवा राउन्ड फेवा' पदमार्गमा पदयात्राको आयोजना गरेको अध्यक्ष धर्म पन्थीले बताए ।

# तिवारीभञ्ज्याङ-अर्धैंरीघाट सडक कालोपत्रे

**भोजपुर, जेठ २१।** भोजपुरको पौवादुङमा गाउँपालिका गौरवको आयोजना तिवारीभञ्ज्याङ-अर्धैंरीघाट पञ्चकन्या कृषि सडक कालोपत्र थालिएको छ ।

मध्य पहाडी लोकमार्ग अन्तर्गत भोजपुर-लेगुवा ६६ किलोमिटर सडकसँग जोडिएको गाउँपालिका प्रवेश गर्ने स्थान तिवारीभञ्ज्याङलाई शून्य विन्दु मानेर कालोपत्र थालिएको हो ।

तिवारीभञ्ज्याङ-अर्धैंरीघाटसम्मको ३१ किलोमिटर सडकमध्ये गाउँपालिका केन्द्र च्याङ्गेसम्म पुऱ्याउने लक्ष्यका साथ दुई प्याकेजमा कालोपत्र भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत नवीन भट्टराईले जानकारी दिए । यो आर्थिक वर्षमा एक हजार तीन सय मिटर कालोपत्र सम्पन्न हुने उनको भनाइ छ ।

तिवारीभञ्ज्याङको शून्य विन्दुबाट वडा नं. २ को स्वास्थ्य चौकीसम्म एक प्याकेज र स्वास्थ्य चौकीबाट गाउँपालिका केन्द्रसम्म दोस्रो प्याकेजमा काम भइरहेको उनले बताए । पहिलो प्याकेजको सडक डिभिजन कार्यालय तुलिम्टारको भ्याटसहित रु. एक करोड र दोस्रो प्याकेजको भ्याटसहित रु. चार करोड दुई लाख लागत रहेको प्रशासकीय अधिकृत भट्टराईको भनाइ छ ।

'तिवारीभञ्ज्याङ-अर्धैंरीघाट सडक कालोपत्र थालेका छौं' -प्रशासकीय अधिकृत भट्टराईले भने- 'सडकको काम दुई प्याकेजमा भइरहेको छ । कालोपत्रको काम समयमा सम्पन्न गराउने लक्ष्यका साथ काम भइरहेको छ । यो आर्थिक वर्षमा एक हजार तीन सय मिटर कालोपत्र हुन्छ ।'



सडक सङ्घीय समपूरक अनुदान, प्रदेश समपूरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा कालोपत्र थालिएको हो । सडक कालोपत्रको काम गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए ।

सडक भोजपुरबासीलाई तराईका जिल्लासँग जोड्ने छोटो मार्ग भएकाले महत्वका साथ कालोपत्रको काम थालिएको अध्यक्ष राईको भनाइ छ । आफ्नो कार्यकालभित्र ३१ किलोमिटर सडक नै कालोपत्र गर्ने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष राईले जानकारी दिए ।

'यो सडक हाम्रो गाउँपालिकाको गौरवको योजना हो' -अध्यक्ष राईले भने- 'भोजपुरलाई तराईका जिल्लासँग जोड्ने छोटो मार्ग पनि हो । पहिलो चरणमा गाउँपालिका केन्द्रसम्म कालोपत्र गर्ने योजना छ । भावी दिनमा यो सडकको अर्धैंरीघाटसम्मको ३१ किलोमिटर नै कालोपत्र गर्ने मेरो लक्ष्य छ ।'

तिवारीभञ्ज्याङ-अर्धैंरीघाट सडक कालोपत्र शुरु भएपछि उत्साह थपिएको वडा नं. २ तिवारीभञ्ज्याङका स्थानीयवासी राजकुमार तिवारीले बताए । सडक कालोपत्र शुरुले गाउँपालिका बासीको धेरैपछिको सपना पूरा भएको उनको भनाइ छ ।

सडक कालोपत्र सम्पन्नको अन्तिम अवधि २०८१ साल असार २० गतेसम्म रहेको छ । सडक नालीसहित आठ मिटरको हुने निर्माण कम्पनी एवाई आनन्द जेभी धनकुटाले जनाएको छ । प्रिमिक्स प्राविधिबाट यो सडकको कालोपत्र हुने जनाइएको छ ।

# पथरी जेसीजद्वारा रकम हस्तान्तरण

**पथरीशनिश्चरे, जेठ २१।** मोरङको पथरीशनिश्चरे वडा नं. ४ मा रहेको जनकल्याण आधारभूत विद्यालयका अति विपन्न तथा गरिब छात्रछात्राको लागि पथरी जेसीजले अक्षय कोष स्थापनार्थ रकम हस्तान्तरण गरेको छ ।

उक्त विद्यालयको प्राङ्गणमा आयोजित एक कार्यक्रमका बीच ५१ हजार रुपैयाँ बराबरको अक्षयकोष स्थापनाका लागि रकम हस्तान्तरण गरिएको हो । वडा नं. ४ का वडाध्यक्ष लोकीरण न्यौपानेको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विद्यालयका प्रधानाध्यापक आनन्द घिमिरे तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर गुरुङलाई पथरी जेसीज वर्ष २४ का अध्यक्ष तथा राजकुमार विश्वकर्माले उक्त रकम हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा पथरी जेसीजका अध्यक्ष राजकुमार विश्वकर्माले अक्षयकोषको ब्याजबाट हरेक वर्ष अति गरीब तथा



विपन्न वर्गका छात्रछात्राहरूलाई आवश्यक कापी, किताब, लत्ताकपडा लगायतका सामग्रीहरू खरिद गरी प्रदान गर्ने उद्देश्यले विद्यालय प्रशासनलाई रकम हस्तान्तरण गरिएको बताए ।

गत फागुन महिनामा होली मिलन कार्यक्रमका अवसरमा टिसर्ट बिक्री गरी प्राप्त भएको सो रकमलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा पथरी जेसीजकी महासचिव निर्मला भट्टराई, उपाध्यक्ष हिमाल सेन्चुरी सचिव अमर नेपाली कोषाध्यक्ष पूजा थापा लगायत जेसीज पदाधिकारी, शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।


**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

रघुनाथ दाहालको नाती, देवी प्रसाद दाहालको छोरा १ नं. प्रदेश इलाम जिल्ला माइजोगमाई गाउँपालिका वडा नं. ०२ बस्ने दिल बहादुर क्षेत्री भनिने रुपनारायण दाहालले यस इलाम शाखामा खाता नं. २१११५२४०३००७२७ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०-११-०४ मा निज खातावाला दिल बहादुर क्षेत्री को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने नरबदा दाहालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक दिल बहादुर क्षेत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**इलाम शाखा, इलाम**
**फोन नम्बर :- ०२७-५२१७२४**
**फ्याक्स :- ०२७-५२१७३१**



उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
**९८०४९५४४००**
**९८६६२४२४६६**
**अर्जुनधारा नपा- ४, झापा**



**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**



**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२



**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२**




**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा बृद्धिहुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्ताले मन खिन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आजको दिन बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, आज अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, आजबाट तपाईको धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।